# सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
# (मर्जर पश्चात) को नामबाट मिति २०७९/०९/०७ गते देखि

## एकिकृत जीवन बीमा कारोवार संचालन गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०९/०५

नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई नेपाल बीमा प्राधिकरणबाट जीवन बीमा कारोबार गर्न बीमकको प्रमाणपत्र प्राप्त मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं ७ मा रजिष्टर्ड कार्यालय तथा काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं ३० सानो गौचरनमा कर्पोरेट कार्यालय रहेको सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. (गाभ्ने संस्था) र नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई बीमा समितिबाट जीवन बीमा कारोबार गर्न बीमकको प्रमाणपत्र प्राप्त कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं ९ मा रजिष्टर्ड कार्यालय तथा काठमाडौं जिल्ला, काठमाण्डौं महानगरपालिका, वडा नं ३०, ज्ञानेश्वरमा कर्पोरेट कार्यालय रहेको ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. (गाभिने संस्था) दुबै संस्थाहरुको मिति २०७९.०७.२८ गते सम्पन्न बार्षिक साधारण सभाबाट सो सम्बन्धमा विशेष प्रस्ताव पेश भई पारित समेत भए पश्चात् नेपाल बीमा प्राधिकरणबाट मिति २०७९/०८/०२ तथा नेपाल धितोपत्र बोर्डबाट मिति २०७९/०८/२५ मा दुबै कम्पनी गाभ्न गाभिन अन्तिम स्विकृति प्राप्त भएको साथै सोही सम्बन्धमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंबाट गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले ब्यहोर्ने सकार्ने गरी ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. लाई सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. मा गाभ्न मिति २०७९/०८/२७ मा प्राप्त स्विकृति पत्र बमोजिम संयूक्त मर्जर समितिको मिति २०७९/०८/२९ को निर्णय तथा नेपाल बीमा प्राधिकरणको मिति २०७९/०८/२९ को पत्रबाट एकिकृत कारोवार गर्न स्विकृति प्राप्त भए अनुसार **सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**को नामबाट मिति २०७९ पौष ७ गते बिहिबार देखि जीवन बीमा सेवाको एकिकृत कारोवार संचालन गरिने ब्यहोरा दुबै संस्थाका समस्त ग्राहकवर्ग, अभिकर्ता, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्पूर्ण सरोकारवालाहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै Data Migration तथा System Integration गर्नुपर्ने भएकोले मिति २०७९ पौष ६ गते एक दिनका लागि बिहान ८:०० बजे देखि सम्पूर्ण सेवा अवरुद्ध हुने हुँदा सोबाट ग्राहकवर्ग, अभिकर्ता तथा सरोकारवालाहरुमा पर्न जाने असुविधाको लागि क्षमा प्रार्थी छौं ।

Surya Life INSURANCE

सर्वे भवन्तु सुखिनः

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.

**रजिष्टर्ड कार्यालय :** बिराटनगर, ९, मोरङ

**कर्पोरेट कार्यालय :** चार्टर टावर, चौथो तल्ला, सानो गौचरण, ज्ञानेश्वर, काठमाडौं ।

पो.ब.नं.: १५१२१ । फोन नं.: ०१-४५२३७४३

E-mail: info@suryalife.com

Web: www.suryalife.com

JyotiLife

सधैं तपाईंको साथ

**रजिष्टर्ड कार्यालय:** पोखरा, कास्की

**कर्पोरेट कार्यालय :** शान्ता प्लाजा, दोस्रो तल्ला ज्ञानेश्वर, काठमाडौं

पोष्ट बक्स नं. १९४३३, फोन नं. ०१-४५४५९४१

E-mail : info@jyotilife.com

Web : www.jyotilife.com